**रास्कोट नगरपालिका**

**असार २०७७**

**नगरसभाका सदस्यहरु,**

नगरपालिकाले अधिकांश आधारभूत भौतिक पूर्वाधारहरु निर्माण गरीसकेको भएता पनि तिनीहरुको दिगो र गुणस्तरीय व्यवस्थापन गर्नुपर्ने, कृषि, विद्यालय, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने र स्थानीयस्तरमै रोजगारीका अवसरहरु श्रृजना गरी गरिवी र बेरोजगारी न्यूनीकरण गर्नुपर्ने सन्दर्भमा आज फेरि यस गरिमामय नगरसभाको बैठकमा रास्कोट नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ।

सर्वप्रथम, राष्ट्रलाई जनताका प्रतिनिधिमार्फत् राज्य सञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा पुर्‍याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु।

नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनकोलागि नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु, नगरपालिकाको रूपान्तरणमा उहाँहरूले पुर्‍याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु।

गत वर्ष यसै समयमा मैले यस नगरपालिकाको नीति तथा कार्यक्रम मार्फत रास्कोट नगरपालिकाबासीले हामीहरुप्रति गरेको अपेक्षा र चाहनालाई सम्वोधन गर्न उनीहरुको आकांक्षा अनुसारका आर्थिक, सामाजिक, सांस्कृतिक विकासका स्पष्ट खाका प्रस्तुत गरेको थिएँ। यो स्थानीय सरकार उक्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने गरी काम गर्दैछ।

यस अवधिमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्।

घर घरमा रोजगारी सृजना गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सृजना र गरिवी न्यूनीकरण गर्न एक घर एक व्यवसाय कार्यक्रम संचालन गरियो। जुन कार्यक्रमबाट नगरपालिकाका एघार कृषक समूहका तीन सय सोह्र किसान, १२ हजार स्याउका विरुवा वितरण गरी नयाँ बगैंचा स्थापना, ६ हजार पाँच सय ओखरका विरुवा वितरण गरी ९ वटा समुहका २०० परिवारले बगैंचा स्थापना, नेपालकै नयाँ किवी फलको परीक्षण कार्य सुरु गरिएकोछ, ८ वटा पशुपालन समूहका एक सय छयासी र छयासी अन्य व्यवसायीहरुले प्रत्यक्ष लाभ लिएका छन्, पशुपालन गरेका सम्पुर्ण फर्महरुमा आवश्यक सम्पर्ण खोप लगाईसकिएको छ। किसानहरु व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्न थालेका छन्। अन्य व्यवसाय गर्नेहरु करको दायरामा आएका छन्। यस कार्यक्रमले रोजगारी श्रृजना गरी गरिवी न्यूनीकरणमा ठूलो योगदान गरेको छ। साथै किसानहरुमा व्यवसायिकताको विकास भएको छ।

नगरपालिकाका सम्पूर्ण वडाका विभिन्न क्षेत्रहरुलाई कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गरी कृषि क्षेत्रलाई घेराबार गर्ने कार्य भै रहेको छ। कृषि पकेट क्षेत्रमा उत्पादन भएको कृषि बस्तुको समर्थन मुल्य तोक्ने, उत्पादन र ढुवानीमा अनुदान दने कार्यको शुरु भै सकेको र लामो समयसम्म कृषि उत्पादन भण्डारण गर्न १० क्वीटल क्षमतमको कोल्ड स्टोर निमार्ण हुदैछ।

नगरपालिकाको आफ्नै स्काभेटर खरिद गरी करिव चालिस लाख को आन्तरिक आम्दानी गरिएको छ।

यस नगरपालिकाका सबै वडाबाट नगरपालिकाको केन्द्र सम्म मोटरबाटो जोड्ने काम पुरा भएको छ। यसै वर्ष रास्कोट नगरपालिकादेखी अन्तरपालिका पचालझरनाको तिखात्ती सम्म सडक स्तर उन्नती कार्य भैरहेको छ। बडिमालिका देखी देउरामालिका सडक निमार्ण कार्य हुदैछ। नगरपालिकाका सबै वडाहरुबाट सामुदायिक अस्पताल सम्म जाने सडक निमार्ण कार्य सम्पन्न भैसकेकोछ। नगरपालिकाको वडा नं ७,८ र ९ मा रिङ रोडको कार्य सम्पन्न भैसकेको छ। वडा नं १ देखी पदमारा सडक र किउरी हुदै मुम्रा अन्तरपालिका सडक नमार्ण कार्य सम्पन्न भएको छ। यसै नगरपालिकाको छबिसेमा ठुलो खेलमैदान निमार्ण भएको छ। क्षेत्तडी र सिपेटीमा ठुलो पानी संचय पोखरी र यसबाट साना जलविद्युत निमार्ण सम्भाव्याता अध्यायन कार्य शुरु भएको छ। हामी सँग उपलब्ध पानीका स्रोतबाट लिफ्ट तथा थोपा सिचाँईको सम्भाव्याता अध्यायन कार्य शुरु भएको छ। देउरामालिका क्षेत्रडी हुदै त्रिवेणी पाटन सडकको ट्रयाक खोल्न सम्भाव्याता अध्यायन कार्य शुरु भएको छ।

कर्णाली प्रदेश सरकारको पहिलो प्राथमिकतामा रहेको र नेपालकै ठूला जलविद्युत आयोजना मध्येको एक कूल २१ अर्व लागत रहेको १०८ मेघावाट विद्युत क्षमताको फुकोट हाईड्रोपावरको प्रारम्भिक अध्ययन भई यसको निर्माण कार्य प्रारम्भ हुने अवस्थामा रहेको छ। जसबाट रास्कोटबासीले ठूलो रोजगारीको अवसर पाउने र जलविदयुतको सेयर मार्फत दिर्घकालसम्म आर्थिक लाभ लिन सक्ने वातावरणको श्रृजना भएको छ।

विद्यालयको भौतिक पूर्वाधार सुधारमा उल्लेखनीय प्रगति हाँसिल भएको छ। विद्यार्थीहरुलाई स्वीटर, टाइबेल्ट जस्ता सामाग्रीहरु वितरण गर्नुका साथै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुलाई विभिन्न शैक्षिक सामाग्री प्रदान गरिएको छ।

स्वास्थ्य क्षेत्रमा स्वस्थ्य केन्द्र भवनहरु निर्माण गरिएको छ। स्वास्थ्य संस्थाहरुमा कुनै पनि औषधीको कमी नहुने गरी पर्याप्त मात्रामा आवश्यकता अनुसारको औषधी वितरण गरिएको छ। विभिन्न स्वास्थ्य संस्थाहरुलाई सोलार सेट उपलब्ध गराइएको छ साथै सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा विभिन्न औजार तथा उपकरण उपलब्ध गराई आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिएको छ। वालवालीकालाई पुर्ण खोप सुनिश्चित गरीएको छ। सबै स्वास्थ्य संस्थाका वर्थिङ सेन्टरमा तालिम प्राप्त नर्सबाट प्रसुती गराउने कार्य भएको छ।

विश्व नै कोरोना भाईरसको सन्तरासमा भएको वेला रास्कोट नगरपालिकाले उच्च सतर्कता अपनाएको छ। यसको लागी सर्वप्रथम नगरपालिकाको सवै नाकामा हेल्थ डस्क स्थापना गरी पालीका भित्र भित्रीने सबै नागरीकको स्वास्थ्य परीक्षण गरी प्रवेश गर्ने व्याव्था मिलाईयो। सबै वडाहरुमा कोरोना भाईरस सम्बन्धि दमाहा,माइकिङको माध्यामबाट जनचेतना जगाउने काम गरियो। सबै वडाहरुमा स्वास्थ्य संयम सेवीका,स्वास्थ्य कर्मी ,स्थानिय संचार संयम सेवक परिचालन गरी कोरोना भाइरस संक्रमणबारे नगरवासीलाई चेतना अभिबृद्धि गरियो। नगर भित्रका अति विपन्न गरीब ज्यालादी १७०० घरपरिवारलाई राहात वितरण कार्य सम्पन्न गर्यौ। पालिका भन्दा वाहीरवाट प्रवेश गरेका नागरिकबाट कोरोना भाइरस संक्रमण हुन नदिन प्रत्यक वडामा क्वारेन्टिनको स्थापना गरियो। नगरपालिका भन्दा वाहिर पढाई लेखाई, ज्यालादारी तथा अन्य कामले बसेका नागरिकलाई उद्धार गरी ल्याएर उत्त क्वारेन्टाइनमा १४ दिनसम्म राखी आरडीटी परीक्षण गरी घर पठाउने काम भयो। देश वाहीरका नागरीकलाई उद्धार गर्ने क्रममा

उनीहरुलाई क्वारेन्टिनमा राख्न १००० क्षमताको स्थायी क्वारेन्टाईन र १०० क्षमताको अईसुलेसन बेड निमार्ण गरियो । उत्त क्वारेन्टाईनमा ६०० जना भन्दा बढी भारतबाट आएका नागरीकलाई १४ दिनसम्म राखेर पिसिआर र आरडिटी दुवै परीक्षण गरेर कसैको पनी रिपोर्ट पोजेटसभ नआएर आफ्नो घर पठाईयो । यसरी नगर सरकारले उच्च सतर्कता अपनाएर कोरोना भाइरस संक्रमण हुनबाटबाट नगरपालिकालाई जोगाईयो ।

नगरपालिका एक्लैको प्रयासले मात्र समुन्नत र समृद्ध रास्कोट बन्न सक्दैन, समुदायको सकृयताले रास्कोट नगरपालिकालाई उत्कृष्ट नगरपालिका बनाउन सकिन्छ भन्ने उद्देश्यले समुदाय सुधार र विकास गर्न टोल समिति गठन गरि सक्रियता पूर्वक परिचालन गरिएको छ । टोल टोल आमा समूह गठन भएका छन्, स्वच्छ प्रतिस्पर्धा र क्षेत्रगत विकासकालागि उद्योग वाणिज्य संघ, खेलकुद विकास संघ, सांस्कृतिक महासंघ, युवा क्लव, बाल क्लव, महिला सहकारी गठन भएका छन् । जसले गर्दा सामाजिक विकृति विसंगती न्यूनीकरण भएको छ । युवा तथा बालबालिका विभिन्न सामाजिक कृयाकलापमा सक्रिया भएका छन्, महिलाहरु संगठित रुपमा आवाज उठाउन थालेका छन् । कृषि सहकारी, जडिबुटी सहकारी तथा साना उद्यमीहरु शृजना गरिएको छ । लघु घरेलु तथा साना उद्योग विकास समिति कालिकोट संग समवन्य गरी उद्योगीहरुकालागि सिलाइकटाइ, आल्लो प्रशोधन लगायत विभिन्न किसिम तालिमहरु उपलब्ध गराइएको छ । निमार्ण कार्यमा श्रम रोजगार बैंकमार्फत गुणस्तरिय कार्य भएको छ ।

अव हामी हाम्रो सरकारले परिकल्पना गरे अनुरुप सामाजिक न्याय, सुशासन र सम्वृद्धिसहित सुखी रास्कोटबासी बनाउने लक्ष्यमा पुग्न पूर्वाधार विकासले मात्र नपुग्ने भएकोले दिगो आर्थिक तथा सामाजिक विकासका गतिविधि तर्फ केन्द्रित हुनुपर्ने चरणमा प्रवेश गरेका छौं । सामाजिक न्याय सहितको सम्वृद्धि हासिल गर्न हाम्रो कार्यक्रम अशिक्षा, गरिवी, बेरोजगारी र पछौटेपन विरुद्ध केन्द्रित हुन जरुरी छ । मैले नीति तथा कार्यक्रम तयार गर्दा यिनै मान्यताहरुबाट निर्देशित भएकी छु ।

मैले यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरिरहँदा स्वच्छ, हराभरा, विकसित, समतामूलक, समृद्ध रास्कोटको भावी तस्विरलाई सामुन्नेमा राखेको छु । उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी विकासको प्रतिफल सबै रास्कोटवासीले समतामूलक तवरले प्राप्त गर्ने गरी साधन, स्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दिगो विकासका लागि पूर्वाधार निर्माण गर्ने र आम नगरवासीको अपनत्व र स्वामित्व हुनेगरी विकास आयोजनाहरूको कार्यान्वयन गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित गरेको छु र सोही मार्गदर्शनबाट प्रेरित भई बजेट प्रस्तुत हुनेछ ।

**आर्थिक विकास**

***घर घर मा रोजगार, समृद्ध रास्कोटको आधार***

आर्थिक विकासकालागि जनताको आर्थिक क्षमता बढाउन आम्दानी र बचत बढाउन आवश्यक हुन्छ । आर्थिक विकासकालागि जनताको आर्थिक क्षमता बढाउन गत आ.व. देखि सुरु भएको एक घर एक व्यवसाय कार्यक्रमलाई

निरन्तरता दिइनेछ। एक घर एक व्यवसाय अन्तर्गत कृषि, पशुपालन, तथा अन्य व्यवसायहरुकालागि विशेष कार्यक्रम संचालन गरिनेछ।

## कृषि तथा पशु विकास

### युवाहरुलाई रोजगारीको लागि प्राथमिकता क्षेत्रहरु

उपरोक्त उद्धेश्यहरु प्राप्तिका लागि उल्लेखित रोजगारीको प्राथमिकता क्षेत्रहरु निर्धारण गरिएको छ ।

क) कृषि मूल्य श्रृंखला विकास कार्यक्रम गर्ने

ख) कृषि वजारमूखि भौतिक पूर्वाधार निर्माण कार्यक्रम संचालन गर्ने

ग) युवाहरुको नीजि तथा सहकारी फर्म दर्ता गराई क्षमता विकास गर्ने

घ) वस्ति अनुसार बाली र वस्तु पकेट क्षेत्र निर्धारण, योजना तर्जुमा तथा कार्यन्वयन गर्ने,

ङ) प्राङ्गारिक कृषि प्रणालीको विकास तथा प्रवद्र्धन गर्ने,

च) रैथाने बालीको संरक्षण, विउ बैंक स्थापना, विकास तथा अभिलेखिकरण, अनुसन्धान गर्ने,

छ) अन्न बाली लगायत तरकारी, मसला बालीको बीउमा आत्मनिर्भर वनाउने,

ज) नविनता र मूल्य श्र्रृखला विकासको लागि नयाँ बाली, जातहरुको पहिचान, अनुसन्धान, विकास, विस्तार गर्ने,

झ) युवा तथा कोभिड १९ बाट प्रभाबित वेरोजगार युवा लक्षित कृषि कार्यक्रम संचालन गर्ने,

### नीतिहरु

क) रास्कोट नगरपालिकाले युवा तथा कोभिड १९ बाट प्रभावित वेरोजगारलाई सम्वोधन हुने किसिमको कृषि कार्यक्रमलाई अगाडि बढाई  कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउनको लागि नगरपालिकामा भएका युवाहरुको लगत तयार गर्नेछ । लगत तयार गर्ने कार्यमा कोभिड १९ बाट प्रभावित नगरपालिका बाहिर (नेपाल भित्र र बाहय देशहरुमा) बाट काम छोडेर आएका, नगरपालिकाभित्रै रहेका वेरोजगार युवाहरुको आँकडा तयार गर्नेछ ।

ख) नगरपालिकामा भएका युवाहरुको अभिलेख तयार भई सकेपछि युवाहरुको रुची अनुसार विषयगत क्षेत्र निर्धारण गरी **“एक वडा एक युवा सहकारी संस्था”** तथा **नीजि फर्म** दर्ताको लागि नगर सहकारी विभाग तथा कृषि शाखाले आवश्यक पहल गरिनेछ ।

ग) युवाहरुको लागि रोजगारी स्थापना गर्नको लागि आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड वनाएर कार्यक्रम संचालन गर्ने नीति लिएकोछ ।

घ) कर्णाली प्रदेश सरकारको नीति अनुसार कृषि क्षेत्रको विकासको निमित्त **“एक फर्म एक व्यवसाय अनुदान”** को नारा अनुसार फर्म संचालनको लागि नीजि फर्म, सामुदायिक फर्म, सहकारी फर्म संचालनको लागि युवाहरुलाई उत्प्रेरण गरिने नीति लिईनेछ । यस अन्तरगत व्यवसायीक स्थानीय तथा उन्नत कुखुरा पालन व्यवसाय, वाख्रापालन व्यवसाय, दुध उत्पादन व्यवसाय, मह उत्पादन तथा प्रशोधन, माछापालन व्यवसायलाई प्रमुख प्राथमिकता दिइनेछ ।

ङ) घ अन्तरगत हरेक वडाहरुमा खेर गई रहेको बाँजो जमिनको उपयोग गरी स्थानीय कुखुरापालन, माछापालन, वाख्रापालन, दुध उत्पादन, मह उत्पादन गर्नको लागि वेरोजगारी युवाहरुलाई नमूना फर्म, युवा सहकारी फर्म को मोडेलमा **"प्राङ्गारिक खेतीमा वृद्धि रास्कोटको समृद्धि"** भन्ने नारालाई सफल वनाउने नीति लिइनेछ ।

च) वेरोजगारी युवाहरुको आँकडा अनुसार प्रदेश सरकारले अवलम्वन गरिएको प्राङ्गारिक कृषि क्षेत्रमा लगानी गर्ने जैविक प्राङ्गारिक रुपमा खेर गई रहेका कच्चा पदार्थहरुको उपयोग गरी जैविक, प्राङ्गारिक मलको लागि गोठ, खोर सुधार सहयोग, कृषि औजार निर्माण, माटो परिक्षण, विषादि परिक्षण कार्यहरुमा युवाहरुको नीजि, सामुदायिक तथा सहकारी संस्थाहरु मार्फत पाउने अनुदानको लागि सहजिकरण गरिनेछ ।

छ) नगर कृषि शाखाले वर्षेनी बीउको लागि अधिकतम रकम बाहिर निकासी गरि रहेको परिप्रेक्षमा बीउ उत्पादनमा आत्म निर्भर वनाई नगरको वजेट नगरभित्र नै परिचालन गर्नको निमित्त **"युवाहरुको बीउ उत्पादन सहकारी"** दर्ता गरी सम्पूर्ण बालीहरुको बीउ उत्पादन, प्रशोधन तथा वजारिकरणमा पहुँज बढाउने नीति लिइनेछ ।

ज) ग्राहकहरुको सन्तुष्टिको लागि परम्पारगत खानेवानीमा सुधार गर्नको निमित्त स्थानीय परम्परागत खाद्य परिकारको सुधारात्मक उत्पादन, प्रशोधन, वजार व्यवस्थापन गर्ने कार्यमा युवाहरुको सहकारी मार्फत कार्यक्रमलाई विकास तथा विस्तार गर्ने नीति लागु गरिनेछ । यसको लागि रास्कोट नगरपालिकाको वडाहरुमा होमस्टेय सन्चालनको लागि युवाहरुलाई सहकारी मार्फत सौलियत दरमा ऋणको व्यवस्था मिलाउनेछ ।

झ) कृषि वस्तुको कच्चा पदार्थ उत्पादनको लागि युवाहरुलाई वजारको माग अनुसार वातावरण सुरक्षा माप दण्डको आधारमा **"एक वस्ति एक बाली"** को नारालाई ध्यानमा दिई जुन वस्तिमा जुन बाली उत्पादनको प्रवल सम्भावना देखिन्छ सोही बाली वस्तुको कच्चा पदार्थ उत्पादनको लागि वाली वस्तु विशेष पकेट क्षेत्रको विकास गरी अगाडि बढाइनेछ ।

ञ) भूधरातलियता तथा जलवायुको आधारमा युवाहरुलाई उनीहरुको रुची अनुसार नगरपालिका भित्र आवश्यक पर्ने फलफूलको बोट विरुवा, फूलको विरुवा तथा वेमौसमी तरकारी उत्पादनको लागि **५०:५० (नगरःयुवा सहकारी)** अनुपात नीतिमा **"उच्चकोटीको (हाइटेक) नर्सरी"** स्थापना तथा विकासको लागि अनुदान दिने नीति अवलम्वन गरिनेछ ।

ट) प्रदेश सरकारको **"आधुनिकिरण रेशा उत्पादन नीति"** अनुरुप युवाहरुको नीजि फारम, सहकारी संस्थालाई आलु, कागती, किवी, भूइ स्याउ तथा च्याउ उत्पादनको लागि अनुदान दिने प्रकृया अगाडि बढाइनेछ ।

ठ) युवा कृषकहरुको कामको प्रभावकारीता वढाउन, प्राविधिक सल्लाह सुझाव दिनको निमित्त **"एक गाउँ एक कृषि प्राविधिक तथा पशु सेवा प्राविधिक"** को नीतिलाई थप प्रभावकारीता वनाउनको लागि प्रदेश सरकार र संघिय सरकारसँग साझेदारी तथा सहकार्य गर्दै जानेछ ।

ड) युवा कृषक, युवा कृषकहरुको सहकारीलाई परिचालन गरी रैथाने बालीहरुको अभिलेख, अनुसन्धान, विउ बैंक स्थापना, विकास तथा विस्तार गरी यसबाट वन्ने **"पोषण युक्त खाद्य परिकारको प्रशोधन, वजारीरकण"** गर्ने नीतिलाई तदारुकताकासाथ अगाडि वढाइनेछ ।

ढ) नगरपालिका भित्र उत्पादन गरेको कृषि उपज (फलफल, मसला, तरकारी, अन्न बाली) हरुको उचित प्रशोधन केन्द्रको निर्माण, संचालन तथा व्यवस्थापनमा युवाहरुलाई परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

ण) युवाहरुको नीजि फर्म तथा सहकारी फर्मको आवश्यक क्षमता विकासको नीतिलाई पूर्णरुपमा कार्यन्वयनको लागि सहकारी विभाग र कृषि शाखामा आवश्यक वजेट विनियोजन गरिनेछ ।

त) सरकारको अनुदानको उचित प्रयोग गरी कृषि उत्पादन प्रकृया र कृषिको उत्पादकत्व वृद्धि गर्नको निमित्त युवाहरुको नीजि, सहकारी फर्महरुलाई अधिकतम उपयोगको लागि परिचालन गरिनेछ । सरकारी अनुदानको दुरुपयोग हुन नदिनको लागि सोही अनुदानलाई निव्र्याजीरुपमा किस्तावन्दी को दरमा वेरोजगारी युवाहरुको वैंक खातामा फिर्ता गर्ने नीति लागु गरिनेछ ।

थ) युवाहरुलाई प्रधान मन्त्री रोजगार कार्यक्रम, कृषि क्षेत्र विकास कार्यक्रमबाट संचालन हुने कृषि मुल्य श्रृंखला विकास कार्यक्रम, कृषिमा आधारित भौतिक पूर्वाधार विकास, वजार स्थापना कार्यक्रमहरुमा बढी भन्दा बढी संलग्नता गराउने नीति अवलम्वन गरिनेछ ।

द) दैविप्रकोप खडेरी, अतिवृष्टि, अनावृष्टि परेको बेलामा खाद्यन्न आपुर्तिको उचित व्यवस्थापन मिलाउनको लागि युवाहरुको सहकारीलाई प्रवद्र्धन गरी पोषण युक्त खाद्य उत्पादन, प्रशोधन तथा अर्को जिल्ला जस्तै हुम्लाको स्थानीय सरकारहरुसँग समन्वय तथा सहकार्य गरी आवश्यक पर्ने खाद्यन्न आपुर्तिको निमित्त युवाहरुलाई वजार व्यवस्थापन गर्ने कार्यमा परिचालन गर्नेछ ।

ध) दैवि प्रकोप हुरिवतास, असिनापानी, खडेरी, महामारी रोग कीराबाट नोक्सान भएको बाली वस्तुको लागि विमाको प्रावधनको नीति लागू गरिनेछ ।

न) युवा कृषकहरुको कामलाई प्रोत्साहन दिनको लागि युवा कृषक, युवाहरुको सहकारीको लागि **“नगर प्रमुख उत्कृष्ट पुरस्कार”** को स्थापना गरी वार्षिक रुपमा उत्कृष्ट युवा र युवा सहकारी संस्थाहरुलाई पुरस्कृत गरिनेछ ।

प) युवाहरुको कामको प्रभावकारीतालाई प्रोत्साहन दिलाउनको लागि प्रदेश सरकारबाट लागु हुने व्यवसायीक कृषक पेन्शनको अवधारणलाई युवा कृषकहरुको लागि पनि लागु गर्न व्यवस्थापनको आवश्यक प्रकृयालाई अगाडि बढाइनेछ ।

फ)किसान कल सेन्टर स्थापना, एफ एम रेडियो कृषि कार्यक्रम, निजि साझेदारी कृषि प्रसार सेवा जस्ता कार्यक्रम संचालन गरिनेछ ।

**प्रकृयाहरुः** रास्कोट नगरपालिकाले माथिको नीतिलाई पालन गर्नको लागि उल्लेखित प्रकृयाहरु अवलम्वन गर्नेछ ।

| **क सं.** | **मूख्य प्रकृयाहरु** | **क्रियाकलापहरु** |
|---|---|---|
| १ | युवाहरुको लगत तयारी | लगत लिन प्रश्नोत्तर तयारी |
| | | सर्वेक्षण कर्ता अभिमुखिकरण |
| | | सर्वे गर्ने |
| | | प्रतिवेदन तयारी |
| | | कार्यापालिकामा छलफल, निर्णय |

| | | |
|---|---|---|
| २ | ऐन, कानून निर्माण | युवाहरुलाई रोजगारी दिने कार्यविधि, निर्देशिका, मापदण्ड तयार |
| | | विषयगत कार्यविधि, निर्देशिका, मापदण्ड तयार |
| ३ | नीजि फर्म, सामुदायिक तथा सहकारी संस्था दर्ता | दर्ताको लागि आवश्यक फर्मेट तयार |
| | | दर्ताको लागि सुचना प्रकाशन |
| | | दर्ताको लागि विद्यान तयारी |
| | | दर्ता गर्ने, अभिलेख राख्ने |
| ४ | बाली र वस्तुको पकेट क्षेत्र छनौट | कार्यविधि नभए कार्य विधि तयारी |
| | | कार्यविधि अनुसार विषयगत पकेट क्षेत्र छनौट |
| ५ | प्राविधिक जनशक्तिको नियुक्ति | प्रदेश सरकारसँग समन्वय, सहकार्य |
| | | एक गाउँ एक प्राविधिकको लागि प्रस्ताव आव्हान |
| | | छनौट तथा नियुक्ति |
| ६ | प्रस्तावना आव्हान | प्रस्ताव आव्हानको फारम तयारी |
| | | प्रस्ताव आव्हानको सुचना प्रकाशन |
| | | प्रस्तावना भर्ने जानकारी |
| | | प्रस्ताव संकलन तथा अध्ययन |
| | | फिल्ड भेरिफिकेशन |
| | | प्रस्तावना छनौट |
| | | प्रस्तावना स्वीकृत, प्रकाशन |
| | | नगरपालिका र प्रस्तावित विच सम्झौता |
| | | कार्यक्रम कार्यन्वयन |
| | | अनुगमन तथा मूल्याङ्कन |
| ७ | प्राकृतिक प्रकोप कृषि विमाको कोष स्थापना | ऐन, कार्यविधि, निर्देशिका, मापदण्ड तयारी |
| | | प्रदेश सरकारसँग समन्वय, सहकार्य |
| | | गोष्ठी, तालिम, वैठक संचालन |
| | | विमा कोषको स्थापना |
| | | कार्यन्वयन गर्ने |
| | | अनुगमन तथा मूल्याङ्कन |
| ८ | नगर प्रमुख युवा उत्कृष्ट पुरस्कारको कोष स्थापना | ऐन, कार्यविधि, निर्देशिका, मापदण्ड तयारी |
| | | प्रदेश सरकारसँग समन्वय, सहकार्य |
| | | गोष्ठी, तालिम, वैठक संचालन |
| | | विमा कोषको स्थापना |
| | | कार्यन्वयन गर्ने |
| | | अनुगमन तथा मूल्याङ्कन |

| | | |
|---|---|---|
| ९ | कृषक पेन्सनको कोष स्थापना | ऐन, कार्यविधि, निर्देशिका, मापदण्ड तयारी |
| | | प्रदेश सरकारसँग समन्वय, सहकार्य |
| | | गोष्ठी, तालिम, वैठक संचालन |
| | | विमा कोषको स्थापना |
| | | कार्यन्वयन गर्ने |
| | | अनुगमन तथा मूल्याङ्कन |
| १० | क्षमता विकास | कर्मचारीहरुलाई क्षमता विकास तालिम, गोष्ठी भ्रमण संचालन |
| | | युवाहरुलाई विषयगत क्षेत्रमा तालिम, गोष्ठी संचालन |
| | | कार्यक्रमको अनुगमन, मूल्याङ्कन |
| ११ | समन्वय सहकार्य (संघ, प्रदेश र सरोकार निकायहरुसँग) | ऐन कानून निर्माण सम्वन्धी |
| | | अनुदान |
| | | प्राविधिक सहयोग |
| | | क्षमता विकास |

**कार्यक्रमहरुः** रास्कोट नगरपालिकाले युवाहरुलाई लक्षित उल्लेखित कार्यक्रमहरु संचालनमा ल्याउनेछ ।

| **क्र सं.** | **कार्यक्रमहरु⁄ कृयाकलापहरु** | **कसरी गर्ने (प्रकृयाहरु)** |
|---|---|---|
| **१** | **प्राङ्गारिक खेतीमा आधारित मूल्य श्रृंखला विकास** | **५०:५० को अनुदानमा युवाहरुको नीजि फर्म, सहकारीहरुलाई प्रस्तावना आव्हान** |
| १.१ | मौसमी तथा वेमौसमी तरकारी खेती उत्पादन तथा वजारिकण | युवाहरुको सामुदायिक वा सहकारी फर्मले |
| १.२ | मसला (लसुन, प्याज, अदुवा, वेसार, खुर्सानी, धनिया) खेती प्रवद्र्धन | माथि कै |
| १.३ | अन्न, तरकारी, मसला, आलुबालीको बीउ व्यवसाय प्रवद्र्धन | माथि कै |
| १.४ | स्याउ उत्पादन विस्तार तथा प्रशोधन | माथि कै |
| १.५ | ओखर उत्पादन विस्तार तथा प्रशोधन | माथि कै |
| १.६ | हाइटेक नर्सरी स्थापना | युवाहरुको सामुदायिक वा नीजि फर्म |
| १.७ | खायन आलु उत्पादन | युवाहरुको सामुदायिक वा नीजि फर्म |
| १.८ | भूइ स्याउ उत्पादन | युवाहरुको सामुदायिक वा नीजि फर्म |
| १.९ | कागती उत्पादन | युवाहरुको सामुदायिक वा नीजि फर्म |
| १.१० | किवी उत्पादन | युवाहरुको सामुदायिक वा नीजि फर्म |
| १.११ | च्याउ उत्पादन | युवाहरुको सामुदायिक वा नीजि फर्म |
| १.१२ | स्थानीय कुखुरापालन व्यवसाय प्रवद्र्धन | युवाहरुको नीजि फर्म |

| | | |
|---|---|---|
| १उ.१३ | उन्नत कुखुरापालन व्यवसाय प्रवद्र्धन | युवाहरुको नीजि फर्म |
| १.१४ | टर्की पालन व्यवसाय प्रवद्र्धन | युवाहरुको नीजि फर्म |
| १.१५ | वाख्रापालन व्यवसाय प्रवद्र्धन | युवाहरुको नीजि फर्म वा सहकारी फर्म |
| १.१६ | दुध उत्पादन व्यवसाय प्रवद्र्धन | युवाहरुको नीजि फर्म वा सहकारी फर्म |
| १.१७ | कुखुरा तथा खसी वधसाला प्रवद्र्धन | युवाहरुको नीजि फर्म |
| १.१८ | माछा पालन | युवाहरुको नीजि फर्म |
| १.१९ | मह उत्पादन तथा प्रशोधन | युवाहरुको नीजि फर्म वा सहकारी फर्म |
| **२** | **बजारमुखि कृषि भौतिक पूर्वाधार विकास सहयोग** | **युवाहरुको उपभोक्ता समिति वनाएर** |
| २.१ | फोहोरा तथा थोपा सिचाई सहयोग | ५०:५० (नगरःयुवा सहकारी) को अनुपातमा |
| २.२ | कृषि हाटवजारको स्थापना | ७५:२५ (नगरःयुवा सहकारी) को अनुपातमा |
| २.३ | कृषि उत्पादन संकलन केन्द्रको निर्माण | माथि कै |
| २.४ | कृषि प्रशोधन केन्द्र स्थापना | माथि कै |
| २.५ | बीउ भण्डारन (चिस्यान) केन्द्र स्थापना | माथि कै |
| २.६ | जैविक, प्राङ्गारिक मलको लागि गोठ, खोर सुधार सहयोग | ५०:५० (नगरःयुवा सहकारी) को अनुपातमा |
| २.७ | आधुनिक कृषि औजर, उपकरण सहयोग | माथि कै |
| **३** | **रैथाने बालीको प्रवद्र्धन** | **नगरपालिका र नगर कृषि तथा पशु सेवा शाखा** |
| ३.१ | रैथाने बालीको अभिलेखिकरण | नगर कृषि शाखा |
| ३.२ | खानेबानीको व्यवहारमा सुधारको लागि होमस्टेय संचालन | ५०:५० (नगरःयुवा) को अनुपातमा |
| ३.३ | रैथाने बालीको प्रशोधन तथा वजारिकणको लागि युवा नीजि वा सहकारी पसल संचालन | ५०:५० (नगरःयुवा सहकारी) को अनुपातमा |
| **४** | **ग्रामिण वित्तिय सहयोग कार्यक्रम** | **वित्तिय संस्था, सहकारी संस्थाहरुलाई** |
| ४.१ | वित्तिय संस्थाहरुको पहिचान | नगरपालिका |
| ४.२ | अनुदान सहयोग | नगरपालिका |
| ४.३ | ऋण लगानीको लागि आवश्यक पहल | नगरपालिका |
| **५** | **नविनतम र मूल्य श्रृखला विकासको लागि दिगो कृषि सेवा सहयोग** | **नगरपालिका र नगर कृषि तथा पशु सेवा शाखा** |
| ५.१ | युवा लक्षित कृषि प्रसार सेवाको लागि आवश्यक कार्यविधि, निर्देशिका, मापदण्डहरु वनाउने | माथि कै |
| ५.२ | एक गाउँ एक प्राविधिकको नियुक्ती तथा | नगरपालिका |

| | | |
|---|---|---|
| | क्षमता विकास | |
| ५.३ | कृषि शाखा कर्मचारीहरुको क्षमता विकास | नगरपालिका |
| ५.४ | युवाहरुलाई सहयोग पुयाउने स्थानीय श्रोत व्यक्तिहरुको पहिचान, अभिलेखीकरण, क्षमता विकास | कृषि तथा पशु सेवा शाखा |
| ५.५ | श्रोत केन्द्र, सिकाइ केन्द्रको स्थापना | नगरपालिका र नगर कृषि तथा पशु सेवा शाखा |
| ५.६ | कृषि समुहको क्षमता विकास | नगर कृषि तथा पशु सेवा शाखा |
| ५.७ | श्रोत सिकाई सामाग्रीहरुको संकलन, वितरण | माथि कै |
| ५.८ | शाखालाई चाहिने भौतिक जिन्सी सामाग्रीहरुको व्यवस्थापन | नगरपालिका र नगर कृषि तथा पशु सेवा शाखा |
| ५.९ | वडा वा वस्ति स्तरमा कृषि प्रसार सेवा केन्द्रको स्थापना | नगरपालिका र नगर कृषि तथा पशु सेवा शाखा |

**उद्योग**

लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गरिनेछ। जडिबुटि प्रसोधन उद्योग, डेरी उद्योग, र अल्लो उद्योगलाई प्रोत्साहन गरिनेछ । परम्परागत सीपमूलक उद्योगहरुलाई संरक्षण गरिने छ । सरकारी, निजी तथा सहकारीको माध्यमद्वारा स्रोत परिचालन गरी गरिवी न्यूनीकरणका लागि रोजगार सृजना गरिनेछ। स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम परिचालन गरी स्थानीय अर्थतन्त्रको प्रमुख स्तम्भको रुपमा स्थापित गरिनेछ।

**पर्यटन**

रास्कोटलाई आकर्षक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकासित गरिने छ । ऐतिहासिक महत्वको स्थानहरुको संरक्षण तथा प्रवद्र्धन गरिने छ। सिप्टी पाटनलाई पर्यटकीय बगैंचाको रुपमा स्थापना र संचालन गर्न प्रदेश सरकारसंग आवश्यक समन्वय र सहकार्य गरिने छ। आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यका साथ देउरा पाटन र पड्डाधुन पाटन सम्म सडक मार्गको निर्माण गर्न प्रदेश र संघीय सरकारलाई अनुरोध गरिनेछ।

घेडादाउनी देखि सेतीकोटसम्म केवलकार संचालन गर्न र देउरापाटन र सिप्टताललाई पर्यटकीय स्थल निर्माण गर्नकोलागि विशेष पहल गरिनेछ। रास्कोट दरवार पुग्नकोलागी सिडि सहितको पैदल मार्ग निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसंग आवश्यक पहल गरिने छ । क्षत्तडी ताल र पाटनसम्म पुग्ने सडक बाटो निमार्ण गरिनेछ । नयाँ पर्यटकीय गन्तव्यको खोजी तथा अन्य आवश्यक पर्यटकीय पूर्वाधारहरुको निर्माण तथा संभाब्यता अध्ययनमा जोड दिइने छ।

**व्यापार**

रास्कोट नगरपालिका भित्र कानुनी रुपमा दर्ता भई चालु आ.व.मा नगरपालिमा दर्ता भएका उत्कृष्ट व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ । रास्कोटमा एक वटा व्यापारी केन्द्र तोकी सहरीकरण गरिनेछ ।

**पूर्वाधार विकास**

**भवन निर्माण**

आगामी आ.व.मा नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरिनेछ । सम्पूर्ण वडाहरुमा वडा कार्यालय भवनहरु निर्माण गरिनेछ ।

**उर्जा**

रास्कोटका सबै वस्तीमा विद्युतीकरण विस्तार गरिनेछ । रास्कोटमा केन्द्रिय प्रसारण लाईन जोड्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ । थोल्म लघु जलविद्युत आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिइनेछ । जलविद्युत मर्मत सम्भारकोलागि मर्मत सम्भार कोष निर्माण गरि नगरपालिकाका सम्पूर्ण घरधुरीमा जलविद्युतको नियमित आपूर्तीको सुनिश्चितता गरिनेछ ।

**सूचना प्रविधि, संचार तथा तथ्यांक व्यवस्थापनः**

नागरिकलाई सूचना प्रदान गर्न र नगरपालिकाका गतिविधिहरुको प्रसारण गर्न एफ एम रेडियो मा नगरबासीको पहुँच सुनिश्चित गरिने छ । प्रत्येक वडा कार्यालय र विद्यालयहरुमा रहेको फ्रि वाईफाई लाई गुणस्तरीय बनाउन पहल गरिने छ । नगरपालिकाको वेवसाईटलाई पूर्ण रुपमा अद्यावधिक गरी नगरबासीले गुनासो गर्न सक्ने र नगरपालिकाका गतिविधीहरूका बारेमा घरमै बसी जानकार हुने ब्यवस्था गरिने छ । डिजिटल नगरपालिका घोषणा गरिनेछ ।

**सामाजिक विकास**

**शिक्षा**

सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषाको माध्यमबाट भइरहेको पठन पाठनलाई सहज, व्यवस्थित, प्रभावकारी र नतिमूलक गराउन शिक्षकहरुकालागि आवश्यक तालिम, शैक्षिक सामाग्री, अतिरिक्त कक्षा संचालन गरिने छ । यस नगरपालिका भित्रका विद्यालयहरूमा शिक्षालाई प्रविधीसंग जोड्दै नमुनाका रुपमा ई—शिक्षा, बिद्युतीय पुस्तकालय कार्यक्रम लागू गरिनेछ । शैक्षिक सुधारकालागि शिक्षक तथा विद्यार्थी विद्यालय समयभित्र रहने वातावरण सृजना गर्नको लागि अनुगमन र निरीक्षण प्रणालीलाई प्राथमिकतामा राखिनेछ । विद्यार्थीलाई आधुनिक तथा प्राविधीक शिक्षा दिई विकासलाई विज्ञान सँग जोड्ने कार्यक्रम लागू गरिनेछ । रास्कोट नगरपालिका भित्रका

अभिभावक विहीन, गरिब तथा विपन्न वर्गका बालबालिकाहरुलाई शैक्षिक सामाग्रीको व्यवस्था गरिने छ। ईसिडि मा अध्यापन गराइरहेका स.का.हरुलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम ल्याइनेछ । विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरि भर्ना अभियान संचालन गरिने छ।

**आधारभूत स्वास्थ्य तथा सरसफाई**

रास्कोट नगरपालिकाको स्युना स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नती गर्न संघीय सरकारसंग आवश्यक पहल गरिने छ । स्वास्थ्य संस्थाहरुमा आवश्यक थप USG मेसिन लगायतका उपकरण उपलब्ध गराइनेछ । सुरक्षित मातृत्वकालागि विशेष कार्यक्रम संचालन गरिनेछ । सवै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्ध गराउन सम्पूर्ण वडामा स्वास्थ्य इकाई निर्माण गरी आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिनेछ । स्वास्थ्य बीमाका माध्यमबाट आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ। स्वास्थ्य नै धन हो भन्ने जानकारी सम्पूर्ण जनस्तरमा प्रदान गरिनेछ । खाद्य पदार्थहरूको सचेतनालाई तल्लो तह सम्म फैलाइनेछ। रास्कोट नगरपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहित गरिने छ।

धुम्रपान मुक्त परिवारको अभियान संचालन गरी सार्वजनिक स्थलहरूमा धुम्रपान निषेध गर्ने अभियानलाई कडाईका साथ लागूगरिनेछ।

नागरिकलाइ स्वस्थ बनाउन रास्कोट नगरपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाइ पुरा गर्ने नीति लिइएको छ।

**लैगिक समानता तथा सामाजिक समावेशीकरण**

महिला, बालबालिका, आदिवासी, जनजाती, दलीत, अपांग, जेष्ठनागरिक, युवा तथा अन्य लक्षित वर्गहरुलाई लक्षित कार्यक्रम मार्फत सशक्तिकरण गरिने छ। हरेक वर्ष विश्व जेष्ठ नागरिक दिवस (अक्टुवर १) को अवसरमा नगरपालिका क्षेत्र भित्रका सबै भन्दा जेष्ठ (महिला र पुरुष) नागरिकलाइ सम्मान गरिनेछ। समुदायमा लैगिंकहिंसा मुक्त, छुवाछुत मुक्त, जातीय भेदभाव मुक्त, जुवातास मुक्त, लागूऔषध लगायत दूव्र्यसन मुक्त, अन्धविश्वास तथा कूप्रथा मुक्तबनाउन समुदायलाई नै अग्रसर बनाइने छ । बालमैत्री स्थानीय शासन पद्धति अबलम्बनगरी बालमैत्री नगरपालिकाको रुपमा घोषणा गर्न सबै विकास साझेदार र सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिने छ। सबै बालबालिकालाई पूर्ण खोप सुनिश्चितताको अवस्थालाई निरन्तर कायम राखिने छ। भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपांगमैत्री पक्षलाई विशेष ख्याल गरिने छ।

**युवा तथा खेलकुद विकास**

नगरपालिका स्तरीय खेलकुदका क्रियाकलापहरुलाई प्रोत्साहन गरिने छ।  रास्कोट नगरपालिका वडा नं. २ स्थित ज्याले चौरलाई बहुउद्देश्सीय रंगशाला निर्माण गर्न गुरुयोजना बनाई कार्यक्रम अगाडि बढाईने छ।

नगरपालिका भित्र हुने विकृत्ति तथा विसंगती रोक्न सम्बन्धित निकायसँग समन्वय गरी जनचेतना मूलक कार्यक्रमहरु अगाडि बढाईने छ।

**सहकारी**

समाजवादको आधार - सहकारीको विस्तार भन्ने मुल अभिप्रायका साथ रास्कोटको गरिवी, पछ्यौटेपन र बेरोजगारीको न्युनिकरण गर्ने मुल साधनको रुपमा सहकारी विकास र विस्तारलाई आवश्यक निति, नियम र कानुन मार्फत अगाडी बढाईनेछ।

रास्कोटको कृषि क्षेत्रको वृहत्तर विकासका लागि कृषि व्यावसायीकरण गर्न र उत्पादीत कृषि उपजको खरिद विक्रिको ग्यारेण्टी गर्न आवश्यक व्यवस्था गरिनेछ। यस रास्कोटमा रहेका सहकारीहरुको क्षमता वृद्धिमा जोड दिईने छ।

सहकारी मार्फत कृषकहरुलाई कृषि तालिम, उन्नत जातका पशुपंक्षि, विउविजन, बोटविरुवा वितरण गरी उनीहरुको कृषि व्यावसायीकतालाई प्रबद्र्धन गरिने छ। साथै सरकारी मार्फत आयात र निर्यातको व्यवस्था मिलाई निर्यातमुखी रास्कोट अर्थतन्त्र निर्माण गर्ने लक्ष राखिने छ।सहकारीलाई आर्थिक विकासको निम्ति स्थानीय श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा प्रयोग गरिनेछ। सहकारीको संख्यात्मक भन्दा गुणात्मक विकासमा जोड दिईनेछ। कृषि सहकारीलाई उत्पादन, प्रशोधन र बजारिकरण गर्नलाई प्रोत्साहित गरिने छ। सहकारीलाई विपन्न, महिला तथा तल्लो तह र तप्काका जनताको जीवनस्तर उकास्न सामूहिक प्रयास गर्ने माध्यम बनाइनेछ। परम्परागत घरेलु र लघु उद्यमहरूको विकासगर्न सहकारीलाई प्रयोग गरिनेछ। जनसाधारणलाई उद्यमशीलता तर्फ ध्यानाकर्षण गराउने माध्यमको रुपमा सहकारीहरूलाई वडा वडामा बिस्तार गरिनेछ।

**वातावरण**

रास्कोट नगरपालिकालाई हरियाली तथा स्वच्छ नगर बनाउन शान्तीघाट देखि सेराचौर, आरसिपी देखी थोल्म, बडिमालिका देखी देउरामालिकासम्म मूल सडक छेउमा वृक्षारोपण गरिने छ। रास्कोटका सम्पूर्ण वडाहरुको फोहोर व्यवस्थापन गर्नकोलागि उपयुक्त स्थानमा डम्पिङ साइटको खोजी गरी आगामि आर्थिक वर्षमै डम्पिङ साइट निर्माणको काम अगाडि बढाउन पहल गरिने छ। रास्कोटलाई सफा नगर बनाउने कार्यलाई उच्च प्राथमिकता दिईने छ।

**पूर्वाधार विकास**

पूर्वाधारको विकास विना हामीले जनताको मुहारमा खुशी  देख्न नसकिने कुरा महसुस गरि सकेका छौं । परम्परागत जीवनशैलीमा सुख सुविधा दिन पूर्वाधारको महत्वपूर्ण भूमिका हुने हुंदा हामीले पूर्वाधार विकासलाई विकासको मेरुदण्डको रुपमा लिएका छौं ।

**सडक तथा यातायात व्यवस्था**

**फराकिला सडक भएको भविष्यको रास्कोट सहर**

**आधुनिक मापदण्डका सडक बनाउने हाम्रो रहर**

रास्कोट नगरपालिकाको केन्द्रबाट सम्पूर्ण वडाहरु जोड्ने सडकमा ग्राभेल, नाली तथा ढल निकास र ग्रिन वेल्ट निर्माण गर्दै लगिनेछ। नगरपालिका भित्रका  अन्य  सडकहरूलाई  पनि क्रमशः ढल  निकास सहित स्तरोन्नती  गर्ने  कार्यलाई अभियानको रुपमा अघि बढाईने छ भने सडक नपुगेका स्थानहरुमा मात्र नयाँ ट्र्याक खोलिने छ । यस कार्यकालागि नगरपालिकाको स्वामित्वमा रहेको जेसिविको प्रयोग गरिनेछ । आफ्नै मेसिनको प्रयोगबाट नगरपालिका भित्र रहेका सडक तथा अन्य पूर्वाधार निर्माण तथा मर्मत न्यून लागतमा गरिनेछ।

नगरपालिका भित्रका सडकहरु  लगायत अन्य आयोजनाहरुको  र्ममत  संभारको लागि र्ममत संभार कोषको स्थापना गरिने छ। रास्कोट नगरपालिकाको चक्रपथको स्तरोन्नती गरिनेछ।

रास्कोट देखी त्रिवेणी जोड्ने सडक खण्डको ट्र्याक खोल्न प्रदेश सरकार संग आवश्यक सहकार्य गरी बजेट विनियोजन गर्न पहल गरिनेछ।

**संस्थागत पूर्वाधार**

रास्कोट नगर कार्यपालिकाको कार्यालय भवन तथा वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई सेवा प्रवाहका लागि न्युनतम पूर्वाधार निर्माण गरिने छ।

समृद्ध रास्कोटको समग्र विकासका  लागि  समाजिक, आर्थिक,  भौतिक  र  सांस्कृतिक पूर्वाधारलाई समेटि बिकास गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। रास्कोट नगरपालिकाको  मानव  विकास  सूचकांकमा सुधार ल्याउनको लागि क्षेत्रगत  रुपमा शीर्षक छुट्याई लगानी प्रस्ताव गरिने छ।

**खानेपानी र सिंचाई**

सम्पूर्ण रास्कोटवासीका घरमा शुद्ध खानेपानी पुर्याउने गरी एक घर एक धारा कार्यक्रम तर्जुमा गर्न संघीय सरकारसंग आवश्यक पहल गरिनेछ।  जलस्रोतलाई बहुउद्धेश्यीय प्रयोजनको रुपमा उपयोग गर्दै सिचाई सुबिधाको उपलब्धता र बिस्तार, बाढी नियन्त्रण गर्न आवश्यक कदम चालिनेछ।

ठुला सिंचाई आयोजना सञ्चालन गर्न प्रदेश सरकार र संघीय सरकारसंग समन्वय तथा सहकार्य गरिनेछ।

साना सिंचाई योजनाहरु उपभोक्ता समितिको संलग्नतामा निर्माण गराई स्थानीय जनसहभागीता र अपनत्व वृद्धि गर्दै सिंचाई हुने क्षेत्र विस्तार गरी कृषि उत्पादन वृद्धि गराईनेछ।

**सरसफाई, फोहोर मैला तथा बजार व्यवस्थापन:**

हरेक टोलबाट फोहर संकलन गर्नुपर्ने घरहरूको लगत लिई सोही अनुरुप फोहोर व्यवस्थापन गरिनेछ। नगरपालिकाको उपयुक्त स्थानमा डम्पिङ्ग साईटको निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ।

नगरपालिकामा सम्पूर्ण घरधुरीमा संचालनमा रहेको टनेल / करेशाबारीलाई निरन्तरता दिन प्रोत्साहन गरिनेछ।

नगरपालिका क्षेत्र भित्र प्लाष्टिक झोलाको प्रयोगलाई न्यूनिकरण गरी वैकल्पिक झोलाको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिने छ।

**सार्वजनिक सेवा प्रवाह र सुशासन तर्फ**

नगरपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरूलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। जनताले भेट्ने पहिलो सरकारलाई जनताको पक्षमा क्रियाशील हुन साधन स्रोतले सम्पन्न गराइनेछ।

एकीकृत सेवा केन्द्रको रुपमा आधारभूत सेवाहरू जस्तैः कृषि तथा पशु सेवाका कार्यालयहरू, बैक तथा वित्तीय संस्था, स्वास्थ्य चौकी स्थापना गरी सोही ठाउँबाट सेवा उपलब्ध हुने व्यवस्था मिलाईने छ। स्थानीय सेवाप्रवाहको गुणस्तर र सुशासनमा उच्च जोड दिदै वित्तीय अनुशासन तथा परियोजना अनुशासनमा रहेर वडा तहदेखि नै हरेक काम कारवाही अगाडि बढाइनेछ। स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन नगरपालिका अन्तर्गतका कार्यालय, विषयगत शाखाहरू र प्रत्येक वडा कार्यालयहरूमा पारदर्शी कार्यप्रणाली, हेल्पडेस्क, नागरिक वडापत्र, अनुगमन संयन्त्र, डिजिटल कार्यालय, सार्वजनिक सुनुवाई र गुनासो पेटिकाको व्यवस्था गरिने छ । नगरपालिकाको वेवसाईट तथा सामाजिक संजाल मार्फत कार्यालयका सबै गतिविधिहरूलाई अद्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ।सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न प्रमुख तथा उपप्रमुख लगायत सम्पूर्ण निर्वाचित सदस्यहरुको सम्पत्ती विवरण सार्वजनिक गरिने छ। करले होइन रहरले सेवा गरौ' भन्ने भावनाको विकास गर्न र सेवाग्राहीलाई सेवा प्राप्तिमा सहजताको अनुभूति गराउन मुस्कानसहितको नागरिक सेवा प्रदान गरी नगरपालिका प्रति सकारात्मक मनोविज्ञानको विकास गराइने छ। सेवाग्राहीको काममा बाधा पर्ने गरि आफ्नो कार्यकक्ष नछोड्ने र अत्यन्त जरुरी परेमा वैकल्पिक व्यवस्था गरेर मात्र कर्मचारीले कार्यालय छोड्ने व्यवस्था गरिनेछ।

नगरपालिका प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन आवश्यक रणनीतिहरूको अवलम्बन गरिनेछ ।

आय, व्यय र भौतिक प्रगति विवरणहरूलाई मासिक, चौमासिक र वार्षिक रुपमा स्थानीय तहको कार्यालयमा सबैले देख्ने गरी अनिवार्य रुपमा सार्वजनिक गराउने व्यवस्था गरिनेछ । नगरपालिकाका पदाधिकारी र कर्मचारीको लागि आचार संहिता तयार गरी लागू गरिनेछ । कर्मचारीहरूको कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । जनप्रतिनिधि एव कर्मचारीहरूको पेशागत क्षमता र दक्षता वढाउनको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ ।

नगरपालिकाको व्यक्तिगत घटना र स्थानीय तथ्याङ्क सम्बन्धी कानून, नीति, मापदण्ड, योजना तर्जुमा गरी कार्यान्वयन र नियमन गरिनेछ । संघीय कानून र मापदण्ड बमोजिम नगरपालिकामा व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ सराइ र सम्बन्ध विच्छेद) दर्तालाई व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी व्यक्तिगत घटना दर्ताको अभिलेख व्यवस्थापन गरिनेछ ।

**विपद व्यवस्थापन**

नगरपालिका क्षेत्र भित्रका जलाधारसंरक्षण, जैविक विविधता संरक्षण, वृक्षारोपण, रैथाने जीवजन्तु, रैथाने खाद्यबाली र वनस्पतिको संरक्षणका लागि आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ । कृषि, बन र वातावरणवीचको अन्तरसम्बन्धलाई जनस्तरमा लैजान सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ । वन संरक्षण तथा वनको दीगो व्यवस्थापन र उपयोग गरी वनजन्य उद्योगको प्रवर्धन गर्ने, जडिवुटी खेतीको विस्तार गर्ने, तथा भू–संरक्षण र जलाधार व्यवस्थापन गरिनेछ । समुदायको सक्रियतामा सडकको दायाँ बाँया बृक्षारोपण गरी हरियाली प्रवद्र्धन गर्ने कार्यमा टोलसुधार समितिहरुलाई प्रोत्साहित गरिने छ । नगरपालिका प्रमुखको अध्यक्षतामा सरोकारवाला सवैको योगदान रहने गरी “नगरपालिका प्रमुख विपद्व्यवस्थापन कोष” स्थापना गरिनेछ र संचालनका लागि कार्यविधि निर्माण गरिनेछ ।

**न्याय कानून तथा मानव अधिकार प्रवद्र्धन तथा मेलमिलाप**

कसैप्रति पनि कुनै पूर्वाग्रह नराखी मानवीय मूल्य, मर्यादा र गरिमाको सम्मान गर्दै अरूको व्यक्तित्व र अस्तित्वको सदैव कदर गरिनेछ । आफ्नो अधिकार क्षेत्र भित्रका विवाद व्यवस्थापन गर्ने सम्बन्धमा कार्यविधि निर्माण गरी विवाद व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिनेछ । नगरपालिकाको न्यायिक समिति मार्फत विवादहरूको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरू सञ्चालन गरी स्थानीय न्यायप्रणालीलाई प्रभावकारी बनाईने छ । छिटो, छरितो र

सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निःशुल्क न्याय प्रदान गर्न व्यवस्था मिलाईनेछ । न्यायिक समितिलाई थप व्यवस्थित गरिनेछ।

**योजना, अनुगमन तथा मूल्यांकन**

योजना निर्माणको चरणदेखि स्रोत परिचालन, कार्यान्वयन र अनुगमन सम्म स्थानीय जनसमुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको छनौट गर्दा क्रमागत आयोजनाहरू सम्पन्न गर्ने गरी र नयाँ आयोजनाको हकमा विस्तृत डिजाइन र लागत अनुमान तयार भइसकेकोलाई बजेट व्यवस्था गर्न उच्च प्राथमिकता दिइनेछ। चालु वर्षको बजेट कार्यान्वयन शीघ्ररुपमा अघि बढाइनेछ र महत्वपूर्ण आयोजनाहरूको कार्यान्वयनलाई तीब्रता दिइनेछ। वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अवलम्बन गरिनेछ। जवाफदेहीपूर्ण योजना तर्जुमा गरी स्थानीय तहमा सञ्चालित योजना र कार्यक्रमको सार्वजनिक सुनुवाइ गरिनेछ।

अन्त्यमा नगरपालिकाले लिएको नीति कार्यान्वयन गर्न सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनितिकदल, पत्रकार, नागरिक समाज, आम जनसमुदाय सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद**

**काशी चन्द्र बराल**

**नगरपालिका प्रमुख**

**रास्कोट नगरपालिका, कालिकोट।**